# लेखक परिचय

**चिरन मानन्धर** समाजशास्त्रका विद्यार्थी हुन् । उनको सह-सम्पादनमा *माओवादी विद्रोह : सशस्त्र सङ्घर्षको अवधि* (२०६४) प्रकाशित छ । नेपाली राजनीति उनको रुचिको क्षेत्र हो ।

**तीर्थ विष्ट** त्रिभुवन विश्वविद्यालयमा स्नातक तहमा अध्ययनरत छन् । उनी २०६३ सालको प्रारम्भदेखि मार्टिन चौतारीमा अनुसन्धान सहायकको रूपमा कार्यरत् छन् ।

मधेसी समन्वय संस्थाका महासचिव **रामनरेश यादव** नेपाल विद्यार्थी सङ्घसँग आबद्ध छन् । उनले त्रिभुवन विश्वविद्यालयबाट व्यवस्थापनमा स्नातकोत्तर गरेका छन् । मधेससम्बन्धी अध्ययन अनुसन्धान गर्ने उनको रुचि छ ।

दुई दशक प्राध्यापन पेशामा बिताइसके पछि हाल **रामरिझन यादव** पत्रकारिता पेशामा संलग्न छन् । उनको प्रधान सम्पादनमा लहानबाट *पूर्व साप्ताहिक* प्रकाशित भइरहेको छ । हाल यादव क्रान्तिकारी राष्ट्रिय मुक्ति मोर्चा (जनमोर्चा नेपाल) का अध्यक्ष हुन् । निरन्तर मधेसीको हकअधिकारको विषयमा लेख्दै/बोल्दै आएका यादवको कार्यक्षेत्र मधेस हो ।

२०५० सालदेखि प्राध्यापन पेशामा संलग्न **विजयप्रसाद मिश्र** हाल विराटनगरस्थित महेन्द्र आर्दश बहुमुखी क्याम्पसमा इतिहासका उप-प्राध्यापक हुन्। मिश्र २०४९ सालदेखि पत्रकारितामा पनि संलग्न छन्। उनको सम्पादनमा सिरहाबाट *नवजागृत्ति साप्ताहिक* प्रकाशित हुन्छ। उनी २०५७ सालदेखि क्षेत्रीय मिडिया स्रोत केन्द्र, विराटनगरसँग आबद्ध भएर पत्रकारिता प्रशिक्षकको रूपमा पनि कार्यरत छन्। मूलतः मधेसको विषयमा विभिन्न पत्रपत्रिकामा उनका लेखहरू प्रकाशित छन्।

**वीरेन्द्रकुमार साह** बारामा अवस्थित पत्रकार थिए। २०६४ असोज १८ गते नेपाल कम्युनिष्ट पार्टी (माओवादी) ले उनको अपहरण गर्‍यो। पटक पटकको दबाब पछि २०६४ कात्तिक २० गते मात्र नेकपा (माओवादी) को उच्च नेतृत्वले पार्टीका कार्यकर्ताले साहको हत्या गरेको कुरा सार्वजनिक रूपमा स्वीकार्‍यो। मारिनु पूर्व साह *नेपाल एफएम, दृष्टि साप्ताहिक* र *एभिन्यूज टेलिभिजन* सँग आबद्ध थिए। सम्भवतः यो उनले लेखेको लामो कायाको अन्तिम लेख हो। साहले २०६४ भदौको तेस्रो साता यो लेखको मस्यौदा तयार गरेका थिए।

**शालिकराम सापकोटा** अधिवक्ता हुन्। उनी २०५६/०५९ मा नेपालगञ्ज पुनरावेदन बारका अध्यक्ष थिए। विद्यार्थी जीवनदेखि नै वाम राजनीतिमा सक्रिय सापकोटा २०६१ मा १९ पछि नेपालगञ्जमा नागरिक आन्दोलनको संयोजक थिए। समसामयिक नेपाली राजनीति विषयमा उनका धेरै लेखहरू स्थानीय पत्रपत्रिकामा प्रकाशित छन्।

**सीपी सिंह** नेपालगञ्जस्थित मानवअधिकारकर्मी हुन्। उनी २०६१ सालदेखि मानवअधिकार संरक्षण मञ्च (मासंम) का केन्द्रीय सदस्य हुन्। लामो समयदेखि गैरसरकारी क्षेत्रमा क्रियाशील सिंह प्रशिक्षकको रूपमा पनि निकै सक्रिय छन्।

---

**सम्पादक परिचय**

**भास्कर गौतम** मार्टिन चौतारीसँग आबद्ध अनुसन्धानकर्ता हुन्। उनले नेपाली मिडिया, मानवीय सुरक्षा र राजनीतिक विषयका पुस्तकहरू सम्पादन गरेका छन्। *छापामा जनजाति* (२०५८), *नेपालमा गरिबीको बहस* (२०६१), *सहरीकरणः जीविकाको विविध आयाम* (२०६३) र *माओवादी विद्रोहः सशस्त्र सङ्घर्षको अवधि* (२०६४) उनको सह-सम्पादनमा प्रकाशित प्रमुख पुस्तकहरू हुन्। विभिन्न पुस्तक र पत्रपत्रिकामा नेपालको समसामयिक विषयहरूमा उनका लेख प्रकाशित छन्।